निर्णय नं. १:

नेपाल कृषि सहकारी केन्द्रिय संघ लि. तालिम केन्द्र निर्माणको लागी नेपाल सरकारबाट बिनियोजित भएको रु २,३५,००,०००। बाट योजना संचालनको लागी बोलपत्र स्विकृत गर्दा बचत हुन आएको रु ७०,००,०००। (सत्तरी लाख) बाट उक्त संस्थाको जग्गामा उपभोक्ता समिति मार्फत कम्पाउण्डवाल निर्माण गराउने निर्णय गरीयो ।

निर्णय नं. २:

वडा नं.१२ को घेघौली स्कुलचोकबाट घेघौली घोल कल्भर्ट हुदै मैवले टोल जोड्ने बाटो बर्षादको कारणले क्षतिग्रस्त भइ मर्मत गर्दा खर्च भएको रकम मध्ये बिबिध आकस्मिक पुर्वाधार शिर्षक बाट रु २,००,०००। (दुई लाख) र वडाभरि उच्च स्तरिय ग्रावेल बाटो शिर्षक बाट रु ८०,०००। (असी हजार) गरी जम्मा रकम रु २,८०,०००। (दुई लाख असी हजार) भुक्तानि दिने निर्णय गरीयो ।

निर्णय नं. ३:

कबिडाँडा साहित्य समाजले मिति २०७५।१२।८ र ९ गते सौराहामा आख्यान कार्यक्रम आयोजना गरेकोले व्यक्ति तथा संस्थालाई विविध सहायता शिर्षक बाट रु २५,०००।- (पच्चीस हजार) भुक्तानि दिने निर्णय गरीयो ।

निर्णय नं. ४:

आगलागी नियन्त्रणको लागी पूर्वी चितवनका नगरपालिकाहरुको साझेदारीमा खरीद गरीएको दमकलको लागी यस नगरपालिकाले बेहोर्नुपर्ने रकम रु. १४,५१,२५०।- (चौध लाख एकाउन्न हजार दुई सय पचास मात्र) बिपद ब्यबस्थापन कोष बाट भुक्तानि दिने निर्णय गरीयो ।

निर्णय नं. ५:

मुसहर बस्तीको रोटरी भिलेजमा ग्रावेलिङ गर्न रुं २,३२,२५०।- (दुई लाख बत्तीस हजार दुईसय पचास) नगरपालिका आकस्मिक कोष तथा पुर्वाधार निर्माण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ६:

बिपन्न बर्गका सौचालय विहिन घर परिवारहरुमा शौचालय निर्माणका लागि रु १०,०००।- (दश हजार) बराबरको आबश्यक जिन्सि सामाग्री उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं.७:

मिति २०७५।१२।१७ गतेको हावाहुरीबाट पिडित बारा र पर्साका जनताको राहतका लागी सम्बन्धित सरकारी निकाय मार्फत बिपद ब्यबस्थापन कोष बाट रु १,००,०००।- (एक लाख) सहयोग गर्ने निर्णय गरीयो ।

निर्णय नं. ८:

पञ्चरत्न युवाक्लब द्धारा र.न.पा. १० बैरीयामा आयोजित प्रथम मेयरकप अन्तर्राष्ट्रिय भलिवल प्रतियोगिता सञ्चालन गर्नका लागि व्यक्ति तथा संस्थालाई विविध सहायता शीर्षकमा बिनियोजित रकम मध्ये बाट रु ३,००,०००।- (तीन लाख) उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ९:

नेपाल उत्पीडित जातिय मुक्ती समाजले मिति २०७५।१२।०७ मा सञ्चालन गरेको अन्तर्राष्ट्रिय छुवाछुत बिरुद्धको दिवस कार्यक्रम सञ्चालनमा भएको खर्च मध्ये रु १५,०००।- (पन्ध्र हजार) व्यक्ति तथा संस्थालाई विविध सहायता शिर्षकबाट भुक्तानि दिने निर्णय गरीयो ।

निर्णय नं. १०:

बालश्रम न्यूनिकरण गर्न बालश्रमिकका अभिभावकलाइ जिबिकोपार्जनको लागी सहयोग उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ११:

रत्ननगर नगरपालिका वडा नं. ५ मा रहेको सार्वजनिक जग्गा संरक्षणका लागी तारजाली लगाउन सार्बजनिक जग्गा पहिचान तथा संरक्षण शिर्षकबाट रु. ५,००,०००।- (पाँच लाख) उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. १२:

रत्ननगर नगरपालिका वडा नं. ३ को वडा समितिबाट भएको निर्णय अनुसार धीर बहादुरको घर देखि जलदेबि मन्दिर सम्म कालो पत्रे शिर्षकमा बिनियोजित रकम रु २,५०,०००।- (दुई लाख पचास हजार) लाई नमुना टोल बाटो उच्च ग्रावेल योजनामा रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

निर्णय नं.१३:

रत्ननगर नगरपालिकामा वसोवास गर्ने बालबालिकाहरुको संरक्षण साथै उज्वल भविष्य निर्माणमा टेवा पुऱ्याउने उद्धेश्यका साथ स्थापना भएको बालकोषमा जम्मा हुने गरी मिति २०७६।०१।०१ देखि प्रत्येक घर नक्सा पासमा रु ५०।- (पचास) संकलन गर्ने निर्णय गरीयो ।

निर्णय नं. १४:
भोकाहा सितलचोक हुदै सुब्बाचोक सडकको लागी प्रदेश सरकारबाट समपुरक अनुदान स्वीकृत भई समपुरक कोष शिर्षकबाट प्राप्त भएकोले नगरपालिकाको म्याचिङ्ग फण्डबाट रु. १,००,००,०००।- (एक करोड) वजेट व्यवस्था गर्ने निर्णय गरीयो ।

निर्णय नं.१५:
जिल्ला समन्वय समितिबाट स्विकृत योजनाहरु बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्ने र सो को लागि नगरपालिकाले व्यहोर्नु पर्ने लागत सहभागिता वापतको रकम श्रोतको पहिचान गरी व्यवस्था गर्ने निर्णय गरीयो ।

निर्णय नं.१६:
रत्ननगर नगरपालिका वडा नं.५ स्थित आधारभुत बिद्यालय सिसैमा मापदण्ड अनुसार बिद्यार्थी संख्या ज्यादै न्युन रहेकाले श्री कपरखोरी माद्यमिक बिद्यालयमा मर्ज गर्ने र त्यहा कार्यरत शिक्षक र कर्मचारीलाइ अर्को ब्यबस्था नभए सम्मको लागी कपरफोरी मा.बि.मा कामकाज गराउने निर्णय गरीयो ।

निर्णय नं. १७:
यस रत्ननगर नगरपालिका वडा नं. १५ को कार्यालय भवन निर्माण गर्न आफ्नो अमुल्य जग्गा दान दिई सहयोग गर्ने दाताहरु श्री डोल बहादुर गुरुङ (०-०-१५), श्री ओम प्रसाद सिंखडा (०-०-१०) ,श्री राजु गुरुङ (०-०-१०), श्री राजु बगाले (०-०-४) र मिना लामिछाने (०-०-३) लाइ कदरपत्र सहित सम्मान गर्दै धन्यबाद प्रकट गर्ने निर्णय गरीयो ।

निर्णय नं. १८:
नव बर्ष २०७६ को अबशरमा सम्पुर्ण नगरबासीहरुमा सुखशान्ति तथा प्रगतिको शुभकामना ब्यक्त गर्ने र सम्पुर्ण राजनैतिक दल ,जनप्रतिनिधि र कर्मचारीहरुमा मिति २०७५।१२।२९ गते दिनको १ बजे शुभकामना आदानप्रदान र चियापान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरीयो ।

निर्णय नं.१९:
यस रत्ननगर नगरपालिकामा सञ्चालन हुने योजनाहरुको गुणस्तर मापनको लागी रत्ननगर नगरपालिकाको परीसरमा ल्याब गृहको संरचना निर्माण र उपकरण खरीदका लागी रु. १७,००,०००।- (सत्र लाख) बिनियोजन गर्ने निर्णय गरीयो ।

निर्णय नं. २०:
यस नगरपालिकाले फोहोरमैला ब्यबस्थापन गर्दै आएको ल्याण्डफिल साइटको नजिकमा बसोबास गर्ने बासिन्दाहरुको मागलाइ मध्यनजर गरी सात ढ्वाङ्गदेखि ल्याण्डफिल साइटसम्म कालोपत्रे योजनाको प्रक्रिया अगाडि बढाइएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय नं. २१:
रत्ननगर नगरपालिकाको सौराहा क्षेत्रमा फोहोरमैला संकलन कार्यमा ट्रयाक्टर एक वटा र ट्रिपर एक वटा परिचालन गर्दै आएकोमा फोहोरमैला व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन लागी हाल प्रयोगमा रहेको सवारी साधन र कार्यरत जनशक्तिलाइ नै खटाउने र खटिने कर्मचारीहरुलाई प्रति दिन रु २५०।- (दुई सय पचास) प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. २२:
रत्ननगर नगरपालिकाको ल्याण्डफिल साइटमा ग्रावेल हाली फोहोरमैला पुर्ने प्रयोजनका लागी रु २,००,०००।- (दुई लाख मात्र) न. पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरीयो ।

निर्णय नं. २३:
रत्ननगर नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने खरका छाना भएका विपन्न वर्गका परिवारलाई सहयोग स्वरुप २(दुई) वण्डल जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २४:
नेपाल दरै उत्थान समाज, चितवनको माग वमोजिम दराई जातिहरुको भाषा, संस्कृति संरक्षण तथा सम्वर्द्धनका लागि विविध साँस्कृतिक कार्यक्रम संचालानार्थ व्यक्ति तथा संस्थालाई विविध सहायता शिर्षकबाट रु. ३०,०००।- (तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५:

बिपद व्यबस्थापन समिति बाट मिति २०७५।१२।२२ मा तपशीलका पिडितहरुलाइ राहत स्वरुप विपद व्यवस्थापन कोष शिर्षकबाट आर्थिक सहायता दिने भनी गरीएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल:

| क.सं. | संस्था/व्यक्तिको नाम, ठेगाना | सहयोग रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | जल्पादेवी मन्दिर, रत्ननगर ५, जनकौली | २०(बीस) थान मेस जालि | तारबारको लागि |
| २. | जानकी चौधरी, रत्ननगर ८, रमाईलो वस्ती | २५,०००।-(पच्चीस हजार) | गैंडाको आक्रमणबाट मृत्यु भएको |
| ३ | भुमा सुवेदी, रत्ननगर १ | १०,०००।-(दश हजार) | भान्छा घरमा आगलागी भएको |
| ४. | शर्मिला ढुंगाना, रत्ननगर ८ | ५,०००।-(पाँच हजार) | परालको टौवामा आगलागी |
| ५ | कृष्ण प्रसाद तिमसिना, रत्ननगर ३ | १५,०००।-(पन्ध्र हजार) | परालको टौवामा आगलागी |
| ६ | दोरंगी मुला कुलो मर्मत, रत्ननगर ६ | २०,०००।-(बीस हजार) | क्षतिग्रस्त कुलो मर्मत |

निर्णय नं. २६:

यस नगरपालिकाको कृषक समुह गठन तथा संचालन कार्यविधी, २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २७:

यस नगरपालिका अन्तर्गत वसोवास गर्ने विपन्न वर्गहरुलाई स्वास्थ्य उपचार साथै अन्य प्रयोजनका लागि आर्थिक सहायता प्रदान गर्दा नगर प्रमुखज्यूले रु. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन अख्तियार दिने निर्णय गरियो ।

निर्णय नं. २८:

नेपाल सरकार, कृषि, भूमि व्यवस्था सहकारी मन्त्रालय, कृषि विभाग, कृषि प्रसार निर्देशनालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०७५ मा कृषि प्रसार कार्यक्रम संचालन निर्देशिका तथा नर्म्स जारी भएकोमा नगरपालिकाबाट संचालन हुने सशर्त तथा निःशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु सोही निर्देशिका तथा नर्म्सलाई आधार बनाई संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २९:

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७५।४।३१, च. नं. १० को रासायनिक मल आपूर्ति वितरणको लागि विक्रेताको प्रमाण पत्र दर्ता तथा नविकरण सम्बन्धमा रासायनिक मल आपूर्तिका लागि रासायनिक मल निर्देशिका २०५७ र मलखाद आपूर्ति व्यवस्था जिल्लास्तर कार्यविधी २०६९ अनुसार रासायनिक मलको आपूर्ति तथा वितरणका लागि विक्रेताको प्रमाण पत्र दर्ता तथा नविकरण गर्न अर्को व्यवस्था नभएसम्म स्थानीय तहको कृषि शाखालाई दिने भन्ने मिति २०७५।०४।२९ को माननीय मन्त्रीस्तरको निर्णय भएको हुँदा सोही वमोजिम यस नगरपालिका अन्तर्गत कृषि शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ३०:

रत्ननगर नगरपालिकाको नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रम अनुसार नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कोषमा रु. १,००,००,०००।- (एक करोड) विनियोजन भएको तपसिल वमोजिमको योजनाहरुमा रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल:

| क.सं. | योजना/कार्यक्रमको नाम | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | खरको छाना भएको घरमा जस्ताको छाना वितरण | २४,००,०००।- | |
| २. | जिल्ला समन्वय समितिबाट स्वीकृत योजनाका लागि लागत सहभागिता | ५०,००,०००।- | |
| ३. | ल्याव गृह संरचना निर्माण र उपकरण खरिद | १७,००,०००।- | |
| ४. | तराई मधेश समृद्धि कार्यक्रमको लागि लागत सहभागिता | ५,००,०००।- | |
| | जम्मा रकम रु. | ९६,००,००,०००।- | |
| | (अक्षेरुपी- छयानब्बे लाख मात्र) | | |